“सहकारी संघ/संस्थाहरुको प्रबर्द्धन, विकास एवम् बैकिङ्ग कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक”

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

Sahakarita Quarterly (त्रैमासिक)

वर्ष ४, अङ्क ६ Sep-Dec. 2015 कात्तिक-पुस २०७२

# राष्ट्रिय सहकारी बैंक : सहकारी क्षेत्रको उत्कृष्ट करदाता

ललितपुर/देशभरका सबै सहकारीहरु मध्ये बढी राजस्व दाखिला गरेको भन्दै आन्तरिक राजश्व विभागले राष्ट्रिय सहकारी बैंक लिमिटेडलाई सम्मान गरेको छ । चौथो राष्ट्रिय कर दिवसको अवसरमा मंसिर १ गते काठमाडौंमा आयोजित कार्यक्रममा सहकारी क्षेत्रबाट सबै भन्दा बढी राजस्व बुझाएको भन्दै बैंकलाई सम्मान गरिएको हो । अर्थमन्त्री विष्णु पौडेलले बैंकका तर्फबाट प्रवन्ध सञ्चालक के.बी.उप्रेतीलाई सम्मान गर्नु भएको थियो ।

‘समृद्ध राष्ट्र निर्माण र फराकिलो कराधार: करदाता मैत्री एवं सुदृढ करप्रणाली पूर्वाधार’ भन्ने मूल नाराका साथ सम्पन्न भएको चौथो राष्ट्रिय कर दिवसको अवसरमा बैंकले आर्थिक बर्ष २०७०/२०७१ मा ‘सहकारी संस्था (क्षेत्र) तर्फ’ सबैभन्दा बढी आयकर

........................बाँकी १० पृष्ठमा



**उत्कृष्ट करदाता सम्मान ग्रहण गर्दै** : सहकारी क्षेत्रबाट उत्कृष्ट करदाताका रुपमा सम्मानित भएको बैंकका प्रवन्ध सञ्चालक के.बी.उप्रेतीलाई सम्मान गर्दै अर्थमन्त्री विष्णुप्रसाद पौडेल ।




**वधाई ज्ञापन**: अन्तर्राष्ट्रिय सहकारी महासंघको टर्कीमा हालै सम्पन्न महासभाबाट निर्वाचित अध्यक्ष मोनिक्यु लेरोक्स (Monique Leroux) लाई नेपालको सहकारी अभियानका तर्फबाट वधाई ज्ञापन गर्दै बैंकका अध्यक्ष रमेशप्रसाद पोखरेल र सल्लाहकार तथा रा.स.संघका अध्यक्ष केशव बडाल ।

## बैंकको बाह्रौ साधारणसभा मंसिर २६ मा हुने

ललितपुर/राष्ट्रिय सहकारी बैंक लिमिटेडको १२ औं वार्षिक साधारणसभा आगामी मंसिर २६ गते शनिवार काठमाडौको भृकुटी मण्डपमा हुने भएको छ । बैंक सञ्चालक समितिको वैठकले साधारणसभाको मिति तय गरेको हो । बैंकले साधारणसभामा सहभागिताका लागि आवद्ध सबै सहकारी संघ संस्थाहरुलाई पत्राचार गरी सकेको छ। बैंकको गत वर्षको यथार्थ र चालु आ.व.को प्रस्तावित कार्यक्रम तथा बजेट प्रस्तुत हुने साधारणसभामा गत आर्थिक वर्षको कारोबारबाट आफ्ना शेयर सदस्य सहकारी संघ संस्थाहरुलाई १३ प्रतिशत लाभांश वितरणका लागि प्रस्ताव गरिने अध्यक्ष रमेश पोखरेलले जानकारी दिनुभयो ।

*राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित*

**सहकारिता**

**सल्लाहकार**

रमेशप्रसाद पोखरेल

के.बी. उप्रेती

कुलचन्द्र अधिकारी

**सूचना, सञ्चार तथा प्रकाशन उप-समिति**

संयोजक - रामबहादुर जि.सी.

सदस्यहरु :

विन्देश्वर श्रेष्ठ, महेन्द्र गिरी, डिल्ली पोखरेल

सदस्य सचिव- नविन कार्की

**सहयोगी**

नविन पौडेल

**ठेगाना**

राष्ट्रिय सहकारी बैंक लि.

केन्द्रीय कार्यालय कुपण्डोल, ललितपुर

फोन : ०१-५०११७८२/फ्याक्स : ०१-५५५५६८७

Email: sahakaritacontact@gmail.com

Email: coopbank@coopbank.com.np

Website: www.coopbank.com.np

**मुद्रण :**

स्वस्तिक प्रिन्ट बालाजु काठमाडौं

## सम्पादकीय

# संविधान कार्यान्वयनमा जोड दिऔं

नेपाली जनताको धेरै पहिलादेखिको चाहना अनुसार मुलुकले संविधानसभाबाट संविधान पाएको छ। संविधान आफैमा अपरिवर्तनीय विषय होइन, जनताको चाहना, आवश्यकता र समयको माग संगै यसलाई परिमार्जन गर्दै जान सकिन्छ। अहिलेको संविधान सहकारी क्षेत्रका लागि महत्वपूर्ण रहेको छ । मुलुकको आर्थिक विकासका लागि सहकारी सहितको ३ खम्बे अर्थनीति अनुसार बनेको संविधानलाई सहकारी क्षेत्रले स्वागत गरेको छ। हाम्रो देशमा नीति राम्रो बनेपनि कार्यान्वयन नभएका थुप्रै उदाहरणहरु छन्। संविधानमा सहकारीलाई सम्बोधन त गरियो तर यसको कार्यान्वयन हुन्छ की हुदैन ? अबको मुख्य कार्यभार संविधान कार्यान्वयन नै हो। संविधानमा चित्त नबुझेको भन्दै केही राजनीतिक दलहरु विशेष गरी मधेस केन्द्रीत दलहरुले आन्दोलन गरेको अवस्था छ। यसलाई पनि मध्यनजर गरी संविधानलाई कार्यान्वयनको बाटोमा लैजानु नै आजको मुख्य आवश्यकता हो ।

संविधान घोषणापछि भएको नाकाबन्दीका कारण मुलुकवासीले ठुलो पीडा भोग्नु पर्‍यो। मुलुकमा भएका स्रोत साधनको उपयोगमा भन्दा पनि आयातमा बढी जोड दिएका कारण बढ्दै गएको परनिर्भरताका कारण आज मुलुक अत्यन्तै नाजुक र विदेशी हस्तक्षेप सहनु पर्ने अवस्थामा आएको छ। यसबाट निकास पाउनका लागि हाम्रो देशमा भएका स्रोत र साधनको अधिकतम उपयोग गर्नेतर्फ अगसर हुनु पर्छ र त्यसका लागि सहकारी उपयुक्त माध्यम हुने भएकाले सोही अनुसारको नीति नियम, कानुन बनाएर समृद्ध मुलुक निर्माणका लागि सहकारीलाई सारथी बनाउन आवश्यक छ।

# एशियाली ऋण महासंघको पूर्ण सदस्य बन्यो सहकारी बैंक







ललितपुर/राष्ट्रिय सहकारी बैंक लिमिटेडको अन्तर्राष्ट्रिय सम्बन्धमा निरन्तर विस्तार भैरहेको छ। आफ्ना आबद्ध सदस्य सहकारी संघ/संस्थाहरुलाई सबै खाले अन्तर्राष्ट्रिय संघ/संस्थाहरुको पहुँचमा पुऱ्याउन सहयोग गर्नु र बैंकले प्रदान गर्ने सेवाहरु अन्तर्राष्ट्रिय स्तरको बनाउने ध्येयका साथ बैंकले हालै मात्र बैङ्ककमा सम्पन्न एसियाली ऋण महासंघको ३४ औं साधारण सभा (Asian Confederation of Credit Unions Forum 2015) बाट नियमित सदस्य भएको छ । यसपूर्व बैंक एसोसिएट सदस्य रहदै आएको थियो। ACCU का अनुसार १० देशका १३ संस्थाहरुले मात्र पूर्ण सदस्यता प्राप्त गरेका छन जस मध्ये राष्ट्रिय सहकारी बैंक लिमिटेड समेत एक हो । ACCU का President Dr. Chalermpol Dulsamphant ले सो अवसरमा सहकारी बैंक लाई ACCU संगको समन्वय तथा सहकार्यमा निरन्तरताका लागि शुभकामना तथा बधाई ज्ञापन गर्नु भएको थियो। सो समारोहमा राष्ट्रिय सहकारी बैंकको तर्फबाट समेत बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेल, प्रबन्ध संचालक के.बी. उप्रेती तथा संचालक रामहरी बजगाईं सहित नेपालको सहकारी अभियानका १५ जना प्रतिनिधिको सहभागिता रहेको थियो। बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेलले एसियाली ऋण महासंघको पूर्ण सदस्यता प्राप्तिले सहकारी बैंक लाई थप जिम्मेवारी प्राप्त भएको भन्दै खुशी व्यक्त गर्नु भएको थियो। यस्तै हालै मात्र बैंकले Asia-Pacific Rural and Agricultural Credit Association (APRACA) को सदस्यता समेत प्राप्त गरेको छ।

यस भन्दा पहिला विश्वकै सहकारी अभियानको सर्वोच्च निकाय अन्तर्राष्ट्रिय सहकारी महासंघ (ICA), Regional Network for the Dvelopment of Agricultural Cooperatives in Asia and the Pacific (NEDAC) को सदस्यता पनि प्राप्त गरि सकेको छ।

# नेपालको संविधान-२०७२ मा सहकारी



**रमेशप्रसाद पोखरेल**
**अध्यक्ष**
**राष्ट्रिय सहकारी बैंक लि.**

कुनै पनि राष्ट्रको समग्र गतिबिधीलाई मार्गदर्शन त्यस राष्ट्रको संविधानले गरेको हुन्छ। संविधान मुल कानुन हो र त्यसको आधारमा अन्य ऐन, नियम, कानुन, नियामावली, मापदण्ड, निर्देशन आदि जारी हुने गर्दछन्। संविधान निर्माण गर्ने बिभिन्न बिधिहरू प्रयोग गरिन्छन् । कुनै मुलुकमा आयोगबाट निर्माण गरिएका उदाहरणहरू छन् भने कुनै मुलुकमा एउटा निकायबाट जारी गरिएका घटनाहरू हामीले सुन्ने गरेका छौं । एकाध घटनाहरू जनताद्वारा निर्वाचित जनप्रतिनिधीहरूको संविधान सभाबाट पनि विश्वमा संविधान जारी गरिएका छन् । हाम्रो देशमा बिगतका घटनाहरू अन्य मुलुकहरूमा जस्तै भए तर प्रथम पटक निर्वाचित जनप्रतिनिधीहरूको संबिधान सभाबाट संबिधान निर्माण हुन नसकेर त्यो सभा बिघटन भएको घटना विश्वमा भेटिदैन । हामी यस्तो संयम नागरिक पुष्टि भएका छौं जहाँ सहमतीमा दोस्रोपटक संविधान सभाको निर्वाचन हुन गयो र सबै क्षेत्रको समानुपातिक प्रतिनिधीको समेत समावेश गरी दोस्रो संविधान सभाको निर्वाचन अर्थात् पूर्ण संविधान सभाको दोस्रोपटक व्यवस्था भयो।

संविधानसभा आफैंमा जनप्रतिनिधी मुलक संस्था हो । यसले जनताको भावना बुझेका हुनु पर्दछ र हुन्छ पनि । जनता के चाहन्छन् ?, जनता बीचमा हाम्रो के प्रतिबद्धता छ ? भन्ने कुरा प्रतिनिधीहरूले सम्झि राखेका हुन्छन् । चाहना र इच्छाहरू प्रशस्त रहेका हुन्छन्। सबै इच्छा र चाहना पूरा हुन्छन् भन्ने पनि हुदैन । संविधान फेरि परिर्वतनशील हुन्छ । यसले समय र आवश्यकता अनि जनचाहनालाई समय समयमा संवोधन गर्नुपर्ने हुन्छ। निश्चित प्रतिशत जनप्रतिनिधीहरू मार्फत संशोधन गर्न सकिने प्रावधान राखिएको हुन्छ। पूरै नयाँ लेख्ने कुरा मात्र बन्देज गरिएको हुन्छ । नेपालको सन्दर्भमा ३१ वटा राजनैतिक दलहरूको प्रतिनिधित्व संविधान सभामा रहेको अवस्था हो। सबै क्षेत्रको समावेशी प्रतिनिधित्व गराई निर्वाचित गराई निर्वाचित र समानुपातिक गरी ६०१ जना सभाषदहरूको प्रतिनिधित्व संविधान सभामा रहेको छ। कुनै पनि राजनैतिक दलको एकल बहुमत पुगेको अवस्था पनि छैन । संविधान दुईतिहाई बहुमतबाट स्वीकृत गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । त्यसबाट पनि के प्रष्ट हुन्छ भने नेपालको संविधान २०७२ सबै राजनैतिक दल र प्रतिनिधित्व गर्ने समूह, व्यक्तिहरू समेतको सहमतीय दस्तावेज हो । सहमतीय दस्तावेजमा सबैको सबै भावना समेट्न सकेको हुदैन तर यस्तो दस्ताबेजमा “सबैका कुरा परेका हुन्छन् तर सबैका सबै कुरा परेका हुदैनन् ।” अहिलेको वास्तविकता पनि यही हो । हिमाली क्षेत्र, पहाडी क्षेत्र, तराइ क्षेत्र सबैलाई संवोधन त गरेको हुन्छ तर सबै चाहना पूरा भने नभएको हुन सक्दछ ।

हामी अर्धबिकसित देशका नागरिक हौं। हाम्रो इच्छा र चाहना महत्वकांक्षी पनि हुन्छन् । त्यो चाहना कसैले सहजै पूरा गरीदिए हुन्थ्यो भन्ने पनि चाहन्छौं। तर त्यसको अवस्था र परिवेशलाई बुझीराखेका हुदैनौं । मलाई लाग्दछ अहिलेको राजनैतिक वातावरण पनि यस्तै हो की ! तर पनि हामीले धन्यवाद दिनै पर्दछ संविधान निर्माण गर्ने निकाय र सभाषदहरूलाई नेपालको संविधान लामो प्रतिक्षा पछि जनप्रतिनिधी मार्फत् निर्माण भएको छ ।

**२०४८ साल अघि सहकारी**

संस्थागत रुपले २०१३ साल चैत्र २० गतेबाट शुरु भएको सहकारी अभियान वर्तमान समयसम्म आईपुग्दा ५८ बर्षको ईतिहास पूरा गरेको छ । बि. सं. २०१५ सालमा निर्वाचित जनप्रतिनिधीमुलक सरकार को नेतृत्व स्व. विशेश्वरप्रसाद कोइरालाले गर्नु भएको थियो । त्यस बखत विश्वव्यापीरुपमा सहकारीको आधुनिक विकास तीब्र गतिले हुदै गएको थियो । विश्व वातावरण र हाम्रो आवश्यकतालाई समेत ध्यान दिई वि. सं. २०१६ सालमा नेपालमा पहिलो पटक सहकारी ऐनको प्रार्दुभाव गरियो । उक्त ऐन सहकारी मैत्री ऐन थियो तर बि. सं. २०१७ साल पौषमा भएको राजनैतिक घटनासँगै सहकारी अभियानलाई नियन्त्रित साझा कार्यक्रमको रुपमा अगाडि बढाइयो । प्रजातान्त्रिक पद्दती र सामुहिक भावनाबाट चल्ने तथा सहकारीको अन्तराष्ट्रिय मूल्य, मान्यता र सिद्धान्त विपरित परिचालित भयो । राज्यको ढिकुटीबाट ठूलो रकम साझा कार्यक्रममा छुट्याइन्थ्यो तर उपलब्धी न्युन र निश्चित व्यक्ति एवं वर्गमा मात्र हुने गर्दथ्यो । संख्यात्मक रुपले पनि २०४८ साल अगाडि केवल ८ सय ३३ साझा सहकारी संस्थाहरूको स्थापना हुन गयो ।

**२०४८ साल पछि सहकारी**

जनआन्दोलन पश्चात गठित सरकारले सहकारी अभियानलाई विश्व सहकारीको मूल्य, मान्यता र सिद्धान्त अनुरुप संचालन गर्ने सोचका साथ सहकारी ऐन २०४८ को प्रार्दुभाव गऱ्यो । यसै ऐनको आधारमा हाल करिब ३३ हजार सहकारी संघ/संस्था दर्ता भई मुलुकभरी नै सञ्चालनमा रहेका छन् । करिब ४७ लाख नेपाली जनता आवद्ध रहेका छन् भने नेपालको कुल वित्तीय कारोबारमा २० प्रतिशत योगदान पुगेको अवस्था छ। कुल ग्राहस्थ उत्पादनमा ४ प्रतिशतभन्दा बढी योगदान यस क्षेत्रको रहेको छ। कृषिलाई व्यवसायीकिकरण गर्ने, रोजगारी सूर्जना गर्ने, पूँजी व्यवस्थापन गर्ने, नयाँ प्रविधिको प्रयोग गर्ने लगायतका क्षेत्रमा सहकारीको सहभागिता दिन प्रतिदिन बढ्दै गएको छ । युवा बेरोजगारी संख्यालाई स्वदेशमै रोजगारी दिएर न्युन गर्न सकियो भने मात्र देश समृद्ध बन्न सक्दछ र त्यसबाट मात्र दीगो आर्थिक विकास र सबै वर्ग, समुदायले न्याय प्राप्त गर्दछन् भनेर नै राष्ट्रिय नारा “सहकारी मार्फत दीगो आर्थिक बिकास र सामाजिक न्याय” भन्ने तय गरिएको छ । राज्यका तर्फबाट पनि छुट्टै

सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्थापना गरी यस क्षेत्रलाई प्राथमिकतामा राखिएको छ । अन्तराष्ट्रिय सहकारीका संगठनहरूमा नेपालको सहकारी अभियानको सहभागिता र पहुँच दिन प्रतिदिन बढ्दै गएको छ । केन्द्रीय संघहरूको संख्या २० पुगेको छ भने वित्तीय क्षेत्रमा राष्ट्रिय सहकारी बैंक लिमिटेडको स्थापना सरकार समेतको शेयर लगानीमा गरिएको छ । उक्त बैंकले सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास र उनीहरूको वित्तीय आवश्यकता परिपूर्ति गर्ने गर्दछ ।

**संविधानमा सहकारी**

सहकारी अभियानले समाजको समग्र क्षेत्रलाई समेटेको हुन्छ । यसका साथै यसले सामाजिक व्यवसाय गर्दछ । त्यसैले सहकारीलाई आर्थिक मोडलका रुपमा विश्वव्यापी मान्यता प्रदान गरिएको छ । सहकारीले व्यक्ति (नीजि) विकासलाई प्राथमिकता दिदैन यसले सामुहिक बिकास र व्यक्तिगत स्तरमाथि उठाउनका लागि कार्य गरेको हुन्छ । मुलतः सहकारी ऐन २०४८ पछी सहकारी क्षेत्रले गरेको प्रयास र उपलब्धीलाई बिश्लेशण गरेर नै नीजि क्षेत्र र सार्वजनिक क्षेत्रको साथमा सहकारी क्षेत्र पनि अपरिहार्य छ भन्ने कुराको महसुस गरिएको छ । प्रत्येक आर्थिक क्षेत्रको विकासमा सहकारी क्षेत्रको महत्व र सहभागितालाई संविधानमै आत्मसाथ गरिएको छ ।

वित्तिय क्षेत्रमा हुने विकृति र विसंगतीको अन्त सहकारी क्षेत्रको सहभागितावाट हुने हुँदा स्वच्छ ब्यापार, उचित मूल्य, शुद्ध उत्पादन, समानुपातिक वितरण जस्ता कार्यमा सहकारी क्षेत्रको सहभागीतावाट समाजले बढी विश्वास गर्दछ । संविधानमा राष्ट्रिय अर्थतन्त्रको विकासका लागि स्वदेशी लगानीलाई प्राथाीकता दिने, स्वदेशी श्रम, सीप र कच्चा पदार्थमा आधारित उद्योगलाई प्राथमिकता दिने, उपलब्ध साधन, श्रोत तथा आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरण गर्ने जस्ता प्रावधानले सहकारी क्षेत्रलाई थप उत्साहित गरेको छ । यसका अतिरिक्त तीन खम्बे अर्थ नीतिलाई प्रष्ट रुपले यसरी उल्लेख गरेको छ ।

(क) सार्वजनिक, नीजि र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गरिने ।

(ख) सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्याधिक परिचालन गर्ने ।

(ग) सहकारीलाई राज्य स्तरबाटै ईजाजत, नियमन, संचालन र स्थापना गरिने ।

**निष्कर्ष**

यसवाट के स्पष्ट हुन्छ भने राष्ट्रको विकासमा सार्वजनिक क्षेत्र र नीजि क्षेत्र सँगसँगै सहकारी क्षेत्रलाई पनि सहभागिता गराउने अर्थात् सहकारी क्षेत्र पनि अन्य दुई क्षेत्र जस्तै महत्वपूर्ण छ भन्ने कुराको स्वीकारोक्ती पनि बुझिन्छ । यसको प्रयोग अत्याधिक आवश्यक छ भन्ने अभिप्राय पनि प्रस्ट देखिन्छ र यो क्षेत्रलाई राज्य स्तरवाटै ईजाजत दिने र यो क्षेत्र राज्य मातहत मै रहने व्यवस्था गरि एको छ । यो व्यवस्थाले सहकारी क्षेत्रको महत्वमा थप वृद्धि गर्नुका साथै सहकारी क्षेत्रमा लाग्ने व्यक्तिहरूलाई उत्साहित गरेको छ । यस क्षेत्रको भविष्य अति सुन्दर रहेको देखिन्छ ।



**बैंकद्वारा प्रशिक्षक उत्पादन** : राष्ट्रिय सहकारी बैंक लिमिटेडले आफ्ना आबद्ध सहकारी संघ संस्थाहरुलाई सक्षम र सबल बनाउन सहकारीका क्षेत्रमा उच्च स्तरको तालिम कार्यक्रम संचालनका लागि ३१ जना प्रशिक्षकहरु तयार गरेको छ । दक्ष सहकारी प्रशिक्षक उत्पादन गर्ने सोचका साथ संचालित ६ दिने प्रशिक्षक प्रशिक्षण तालिम कार्यक्रमको ०७२ वैशाख ५ गते सम्पन्न भएको थियो । तालिममा सहकारी तथा गरिबी निवारण मन्त्रालयका सह-सचिव सुरेश प्रधान, भन्सार विभागका महानिर्देशक शिशिर ढुंगाना तथा एशियाली ऋण महासंघका प्रमुख कार्यकारी अधिकृत s.Elenita V San Roque र निवर्तमान प्रमुख कार्यकारी अधिकृत Mr.Ranjith Hettiarachchi ले प्रशिक्षण दिनुभएको थियो । तालिमका सहभागीलाई राष्ट्रिय सहकारी संघ लि.का अध्यक्ष केशव बडालले प्रमाणपत्र वितरण गर्नु भएको थियो ।

# सहकारी अभियान र राष्ट्रिय सहकारी बैंक



के.बी. उप्रेती
प्रवन्ध सञ्चालक
राष्ट्रिय सहकारी बैंक लि.

**पृष्ठभूमी :**

आर्थिक रुपले पछाडी परेका जनताको आर्थिक विपन्नताको अवस्थाबाट जीवन स्तरमा सुधारको प्रत्याभुती दिन वि.स. २०१३ सालमा मुलुकमा सहकारी अभियानको थालनी भएको हो । यस उदेश्यलाई परिपूर्ति गर्ने उपयुक्त माध्यमको रुपमा स्थापित सहकारी संघ/संस्थाहरुलाई आर्थिक गतिशीलता दिन सहकारी बैंक ऐन २०१९ जारी भै वि.स.२०२० सालमा सहकारी बैंकको स्थापना भएको थियो । तर सहकारी संघ/संस्थाहरुको संख्या न्यून हुनु र सहकारी प्रवर्द्धन सम्बन्धी ठोस नीतिको अभावमा सहकारी बैंकले आफ्नो पहिचान कायम गर्न नसकि वि. स. २०२४ सालमा सहकारी बैंक कृषि विकास बैंकमा परिणत हुनगयो । वि.स. २०१३ साल देखि २०४८ साल पूर्व सम्मको कालखण्डमा सहकारी क्षेत्रले निकै आरोह अवरोहहरु पार गर्नु परेको अवस्था सहकारीको इतिहासमा पाइन्छ । सरकारी नियन्त्रणको अवस्थामा संचालित सहकारीले गति लिन नसक्ने र सहकारी सदस्यहरुद्वारा मात्र संचालित र नियन्त्रित हुने पद्दति भएको हुँदा सहकारीको आवश्यकता तथा अपरिहार्यतालाई दृष्टिगत गरी सहकारी ऐन २०४८ जारी गरियो । सहकारी ऐंन २०४८ जारी भए पश्चात नेपालमा सहकारीताको क्षेत्रमा नयाँ युगको सुत्रपात हुन गयो । सहकारी ऐनले सहकारीको स्वाधिनता र स्वतन्त्रताको रक्षा गरेको कारण स्वस्फुर्त रुपमा सहकारीको स्थापना र सेवाको क्षेत्र फराकिलो हुन शुरु भएको हो । राष्ट्रिय सहकारी बैंक सम्पूर्ण सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवं वित्तीय आवश्यकताहरुलाई पूरा गरी ती संघ/संस्थाहरूलाई बैंकिङ्ग सेवामा पहुँच दिन तथा अन्यवित्तीय सेवा सुविधाहरू उपलब्ध गराई सहकारी सहयोग पुऱ्याउने उद्देश्यले नेपाल राष्ट्र बैंकको सिफारिसमा सहकारी विभागमा २०६० असार २५ गते दर्ता भै मिती २०६१ श्रावण १९ गतेबाट विधिवत रुपमा बैकिङ्ग कारोवार गर्दै आएको छ । यस बैंकलाई २०६७ श्रावण १० गते नेपाल राष्ट्र बैंकले सिमित बैंकिङ्ग कारोवार गर्न इजाजत प्रदान गरेको छ । प्रारम्भमा नेपाल सरकारले यस बैंकमा १ करोड रुपैया शेयर लगानी गरी आ.व. २०६६/६७ को बजेटबाट सरकारले यस बैंकमा थप १ करोड सुलभ दरमा ऋण लगानी गरेको छ ।

**परिचय**

मुलुकमा छरिएर रहेका पूँजी, शीप साधनलाई एकीकृत रुपमा परिचालन गरि उत्पादनशील क्षेत्रमा लगानी गर्ने सहकारी संघ/संस्थाहरुलाई थोक कर्जाको रुपमा वित्तीय साधन तथा अन्य सेवा तथा सुविधाहरु उपलब्ध गराई सहकारी ऐन, २०४८ बमोजिम राष्ट्रिय स्तरको सहकारी क्षेत्रको एक मात्र बैंक हो । यस बैंकले आफ्ना शेयर सदस्य संस्थाहरुलाई लगातार पछिल्ला वर्षहरुमा १३ प्रतिशत लाभांश वितरण गर्न सफल भएको छ । मुलुकमा ३२ हजार सहकारी सघं/स्थापना भई सकेको सन्दर्भमा राष्ट्र भरी स्थापना भएका सम्पूर्ण सहकारीहरुलाई बैकिङ्ग सेवा दिने उद्देश्यले हाल सम्म ३३ वटा शाखाहरु स्थापना भैसकेका छन् र तीन वटा शाखा संचालनको क्रममा रहेका छन् । यस बैंकले शाखाहरुको विस्तार सँगै सदस्य संघ संस्थाहरुको सहभागितामा वृद्धि गराएको छ । सहकारी लघुवित्त कार्यक्रम संचालनका लागि युवा स्वरोजगार कोष र विभिन्न बैंक तथा वित्तीय संघ/संस्था सँग समन्वय गरेको छ । साथै विभिन्न जिल्लामा साधारण सभा, भेला तथा गोष्ठीहरु सम्पन्न गर्दै सहकारीकर्मीहरुलाई एकताबद्ध गराउँन सफल भएको छ भने ७५ वटै जिल्लाका करिब ८ हजार सहकारी संघ संस्थाहरुले यसको सदस्यता लिइसकेका छन् । यस बैंकले निम्न बमोजिमका परिकल्पना, ध्येय र लक्ष्यहरु राखेको छ ।

**परिकल्पना** (Vision)

वित्तीय समावेशीताको लागि दिगो सहकारी ।

**ध्येय** (Mision)

- प्रतिस्पर्धात्मक वित्तीय सेवा प्रदान दिन सक्ने गरि सहकारीको क्षमता अभिवृद्धि, आधुनिक प्रविधिको प्रयोग र संस्थागत सुशासन कायम गर्ने ।

**लक्ष्य** (Goal)

- आधुनिक पद्धति अनुसार सदस्यहरुलाई सेवा प्रदान गर्ने ।
- आबद्ध सदस्यहरुलाई तालिम, शिक्षा र कार्यशाला गोष्ठिद्वारा क्षमता विकास गर्ने ।
- सहकारी मैत्री नीति नियमको लागि निरन्तर पैरवी गर्ने ।
- राष्ट्रिय र अन्तर्राष्ट्रिय एजेन्सीसँग सहयोग र सहभागिता वृद्धि गर्ने ।
- सहकारी मार्फत पूँजी परिचालन गरि रोजगार वृद्धि गर्ने ।
- ABBS सेवा निःशुल्क उपलब्ध गराउने ।
- करिब सय भन्दा बढी शाखा रहित बैंकिङ्ग सेवा/संकलन काउण्टर/सेवा केन्द्र करिब ५ वर्ष भित्र विस्तार गर्ने ।
- बैंकमा आबद्ध सहकारीका प्रतिनिधिलाई आगामी ५ वर्ष भित्रमा विभिन्न तालिम प्रदान गर्ने ।
- आगामी ५ वर्ष भित्रमा बैंकको शेयर पूँजी २ अर्ब, बचत ३० अर्ब र कर्जा २० अर्ब पुऱ्याउने ।
- सबै प्रकारका सहकारी संस्थालाई सदस्यता दिलाउने ।
- गरिबी निवारणको लागि सहकारी क्षेत्र मार्फत पूँजी परिचालन गराउने ।
- सदस्यहरुका परिवर्तित आवश्यकताहरु पूरा गर्न प्रयास गर्ने ।
- स्थिर बैंकिङ्ग संगठनात्मक संरचना र नियम, विनियम तयार गर्ने ।
- राष्ट्रिय सहकारी बैंक ऐन ल्याउन प्रयास गर्ने ।
- सहकारी मैत्री कर प्रणाली र नियम निर्देशिका ल्याउन पैरवी गर्ने ।
- विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारी मैत्री संगठनमा आबद्ध हुने ।
- आगामी ५ वर्ष भित्रमा करिब १७ अर्ब पूँजी उत्पादन, कृषि र जलविद्युत तथा नविकरणीय उर्जा क्षेत्रमा लगानी गर्ने ।

- आगामी ५ वर्ष भित्रमा थप १५ हजार सहकारी संस्थालाई सदस्यता दिलाउने ।

**बैंकको महत्व :-**

- वाणिज्य बैंक तथा अन्य वित्तीय संस्थाहरुले विशेषगरी ठूला उद्योग तथा औद्योगिक क्षेत्रमा मात्र लागानीलाई प्राथमिकता दिने हुनाले ग्रामिण एवं साना उद्योगहरुको लगानीमा सहकारी संघ/संस्थाहरु मात्र उपयुक्त हुने भएको हुँदा यस बैंकको महत्व दिन प्रति दिन बढ्दै गएको छ ।
- ठूला बैंक तथा वित्तीय संस्थाहरुले ग्रामीण क्षेत्रबाट आफ्नो सेवा शहरी क्षेत्रमा बढी केन्द्रीकृत गरेको हुनाले ग्रामीण तहमा सहकारी संघ/संस्थालाई प्रवर्द्धन गर्न यस बैंकले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ ।
- बैंक तथा वित्तीय संस्थाहरुले सहकारी संघ/संस्थाहरुलाई व्याजप्राप्त हुने गरी बचत खाता खोल्ने सुविधा नदिने नीतिका कारण सहकारी संघ/संस्थाहरुलाई सो सुविधा पुऱ्याउन बैंकको आवश्यकता अपरिहार्य छ ।
- सदस्य सहकारी संघ/संस्थाहरुलाई शिक्षा र तालिमको माध्यमबाट व्यवसायिक तथा प्राविधिक सहयोग प्रदान गर्न ।
- आफ्ना सदस्य सहकारी संघ/संस्थाहरुको नियमन, अनुगमन तथा सुपरिवेक्षणको कार्य गरी सहकारी क्षेत्रलाई व्यवस्थित गर्न ।
- सहकारी बैंकिङ्ग प्रणालीलाई संघिय संरचनामा विकास गरी यस क्षेत्रलाई दिगो र प्रभावकारी बनाउन ।
- सदस्य सहकारी संघ/सस्थाहरुलाई थोक कर्जा उपलब्ध गराई तिनीहरुको बित्तिय आवश्यकता लाई पुरा गराउन ।
- बैंक तथा वित्तीय संस्थाहरुले सहकारी संघ/संस्थाहरुलाई कर्जा लगानी नगर्ने भएका कारणले सो सेवा प्रदान गर्न
- सहकारी क्षेत्रको विकासका लागि सरकारको नीति निर्देशन र ऐनको अधीनमा रही राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सहकारी संघ/संस्थाहरुसंग आवश्यक समन्वय कायम गरी सहकारी आन्दोलनलाई सहयोग गर्न र यसको प्रत्यक्ष प्रतिफल सहकारी संघ/संस्थाहरुमा आवद्ध लाखौं सदस्यहरु सामु पुऱ्याउनका लागि एक भरपर्दो एवं प्रभावकारी सहकारी सञ्जालको रुपमा कार्य गर्न

**बैंकले गर्ने कार्यहरु**

- सहकारी संघ/संस्थालाई कृषि, उद्योग, सेवा, व्यापार, अन्य व्यवसायिक कार्यको लागि चालु पूँजी उपलब्ध गराउने ।
- सामुहिक प्रयासको माध्यमबाट कृषि विकास, घरेलु इलमको विकास एवं व्यवसाय संचालनार्थ र उद्योग धन्दाहरुको प्रवर्द्धन एवं सामुदायिक सेवाहरुको विस्तार र विकासमा सघाउ पुऱ्याउन सहकारी संघ/संस्थालाई थोक कर्जा प्रवाह गर्ने ।
- सहकारी संघ/संस्थाहरुबाट बचत तथा मुद्दती निक्षेप संकलन तथा आवश्यकता बमोजिमको कर्जा उपलब्ध गराउने तथा संघ संस्थाको निरिक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्ने ।
- सहकारी शिक्षा तथा तालिम कार्यक्रमहरुको समन्वय तथा संचालन गर्ने ।

**बैंकले सदस्यता दिन सक्ने निकाय**

- प्रारम्भिक सहकारी संस्थाहरु,
- विषयगत जिल्ला सहकारी संघहरु,
- जिल्ला सहकारी संघहरु,
- केन्द्रीय सहकारी संघहरु,
- राष्ट्रिय सहकारी विकास बोर्ड,
- राष्ट्रिय सहकारी संघ,
- नेपाल सरकार

**शेयर खरिद तथा खाता संचालनका लागि पेश गर्नुपर्ने कागजातहरु**

- सहकारी संघ/संस्थाहरुले कम्तिमा प्रति कित्ता रु. १०००/(का दरले न्यूनतम १० कित्ता शेयर र प्रवेश शुल्क वापत रु. ५००|- (फिर्ता नहुने गरि) बुझाई बैंकको शेयर खरिद गर्न सक्ने ।
- यस बैंकको शेयर बिक्री सधै खुल्ला रहने छ।
- संघ/संस्था दर्ता र पान प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
- संघ/संस्थाको स्वीकृत विनियमको प्रतिलिपी ।
- अन्तिम वर्षको लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी ।
- बैंकको शेयर खरिद गर्न, खाता खोल्ने तथा सञ्चालन गर्ने सम्बन्धी अख्तियारी सहितको संचालक समितिको निर्णयको प्रतिलिपी ।
- खाता खोल्ने फारम, नमूना दस्तखत कार्ड र संस्थाको खाता खोल्ने अनुरोध पत्र ।
- खाता सञ्चालकको फोटो र नागरिकताको प्रतिलिपि ।

## सेवा तथा सुविधाहरु

क. निक्षेप तर्फ बचत हिसाब

राष्ट्रिय सहकारी बैंक लिमिटेडले आफ्ना सदस्य रहेका सबै प्रकारका सहकारी संघ संस्थाहरुबाट मात्र निक्षेप स्वीकार गर्ने कार्य गर्दछ। यस बैंकले लागु गरेको निक्षेप योजना निम्न अनुसार रहेको छ ।

- सुपर बचत
- विशेष बचत
- साधारण बचत
- अनिवार्य नियमित बचत
- क्रमिक बचत
- आवधिक बचत ( मुद्दती )

ख. कर्जा तर्फ

आफ्ना सदस्य संघ संस्थालाई विभिन्न शिर्षकहरुमा कर्जा प्रदान गर्दै आएको छ। यस आवधिक (मासिक किस्ताबन्दी) कर्जा, चालुपूँजी कर्जा, लघु कर्जा, तरलता व्यवस्थापन कर्जा, हायर पर्चेज कर्जा, घर घडेरी तथा निर्माण कर्जा, मुद्दती रसिद धितो कर्जा, कृषि परियोजना कर्जा आदि विभिन्न शिर्षकहरुमा सुलभ व्याजदरमा कर्जा प्रदान गर्द आएको छ। यसको व्याज दरमा निम्न विशेषताहरु र हेको छ ।

(१) मुद्दति रसिद धितो कर्जामा १.५ प्रतिशत थप हुनेछ ।

(२) हायरपर्चेज कर्जाको मार्जिन ३० प्रतिशत सम्म हुनेछ ।

(३) प्रकृयागत शुल्क ६ महिना सम्मको कर्जामा ०.५० प्रतिशत र सो भन्दा माथि १ प्रतिशत हुनेछ ।

(४) घर घडेरी खरीद तथा निर्माण कर्जाको स्वः लगानी कम्तीमा ३० प्रतिशत हुनुपर्नेछ ।

(५) सबै प्रकारको कर्जामा म्याद नाघेको अवस्थामा ५ प्रतिशत हर्जना लाग्नेछ ।

(६) अपाङ्ग, दलित र महिलाद्वारा मात्र संचालित संस्थालाई पूँजी वृद्धि स्कीम बमोजिम सबै सुविधा उपलब्ध हुनेछ ।

(७) बैंकको नीति वमोजिम वर्गीकरणको आधार मा लघुकर्जाको व्याजदर तोकिनेछ ।

ग. बैंक ग्यारेन्टी (बैंक जमानत)

बैंकले गर्ने नन्फण्ड (Non Fund Based) कारोवार मध्ये बैंक जमानत एउटा प्रमुख कार्य हो। साधारणतया यो सुविधा ठेक्कापट्टा सम्बन्धी कार्य, निर्माण समाग्री सप्लाई व्यक्ति तथा व्यवसायको भन्सार प्रयोजन उधारोमा सामान खरिद गर्न, पेश्की लिन, इजाजत र एजेन्सी वा डिलर लिन एवं अन्य कार्य गर्न जहाँ नगद धरौटी राख्नुपर्ने हुन्छ। त्यसरी राख्नु पर्ने नगद धरौटीको सट्टामा बैंक ग्यारेण्टी जारी गरिदिन बैंकका सदस्य सहकारी संघ संस्था र तिनका सदस्यहरु नियमानुसार निवेदकको पक्षमा बैंक ग्यारेण्टी जारी गरिदिने व्यवस्था रहेको छ ।

घ. रेमिट्यान्स (विप्रेषण सेवा)

यस बैंकले विभिन्न रेमिट्यान्स

कम्पनीहरु सँगको सहकार्यमा रेमिट्यान्स (विप्रेषण) सेवा उपलब्ध गराउँदै आएको छ। बैंकले हाल NCBL Remit, Prabhu Remit, Himal Remit, Western Union Money Transfer & IME सँग सहकार्य गरि Domestic र International Remit को सेवा सञ्चालन गर्दै आएको छ।

ङ. **Utility Payment**

यस बैंकले NTC/Ncell Recharge , Cheque Clearing, Dish Home Payment, Land Line Phone Payment, ADSL Payment Service को कार्य गर्दै आएको छ।

च. सदस्य सेवा

बैकले आफ्ना सदस्यहरुलाई सन्ध्याकालिन काउन्टर सेवा, अन्तर शाखा कारोवारको सेवा र अन्य सहकारीक्षेत्र संग सम्बन्धित आवश्यक जानकारी दिने व्यवस्था गरेको छ।

छ. तालिम

राष्ट्रिय सहकारी बैंक लिमिटेडले आ.व. २०७०/७१ देखि विषयगत विशेषज्ञहरु प्रयोग गरि सहकारी शिक्षा तालिम, लेखा व्यवस्थापन तालिम, कार्यालय व्यवस्थापन तालिम, कर्जा व्यवस्थापन तालिम प्रत्येक शाखाहरुमा त्रैमासिक रुपमा गर्ने योजना बनाई संचालन गरिरहेको छ।

बैंकको अन्तर्राष्ट्रिय सम्बन्ध

यस बैंकले सहकारी सम्बन्धी पेशागत क्षमता अभिवृद्धि गर्न र अन्तराष्ट्रिय रुपमा बैंकको क्षेत्र विस्तारको लागि अन्तर्राष्ट्रिय निकायहरु अन्तराष्ट्रिय सहकारी महासंघ (ICA), एशियाली ऋण महासंघ (ACCU), Regional Network for the Dvelopment of Agricultural Cooperatives in Asia and the Pacific (NEDAC), Asia-Pacific Rural and Agricultural Credit Association (APRACA) को सदस्यता प्राप्त गरि सकेको र Centre for International Cooperation in Agricultural Banking (CICTAB) को सदस्यताको लागी आवेदन गरी ती संघ/संस्थाहरु संग समन्वय गरि यस बैंकलाई परिचित गर्न सफल भएको छ। राष्ट्रिय रुपमा बैंकको क्षेत्र विस्तारको लागि राष्ट्रिय निकाय राष्ट्रिय सहकारी संघ लि. को सदस्यता प्राप्त गरिसकेको छ।

व्यवस्थापन :-

- सहकारी संघ/संस्थाका प्रतिनिधिहरु मध्ये बाट निर्वाचित ९ जना र राष्ट्रिय सहकारी संघ तथा सहकारी विभागका रजिष्ट्रारले तोकेको प्रतिनिधि पदेन १/१ गरि जम्मा ११ जनाको संचालक समिति निर्माण हुने व्यवस्था छ।
- केन्द्र तथा शाखा कार्यालयहरुमा अत्याधुनिक कम्प्यूटर सफ्टवेयर तथा दक्ष कर्मचारीहरुको व्यवस्था गरि छिटो, छरितो र चुस्त गतीमा सेवा प्रदान गर्ने गरिएको छ।

बैंकको बर्तमान अवस्था :-

आबद्ध सदस्य सहकारी संघ/संस्था
: ८ हजार

सदस्य सहभागि जिल्लाको संख्या
: ७५ जिल्ला

शाखा कार्यालयहरु
: ३७ वटा (केन्द्रीय कार्यालय सहित)

निष्कर्ष :

देशको आर्थिक विकासमा सहकारी क्षेत्रको महत्वपूर्ण भूमिका रहेकोले नेपाल सरकारले समेत साझेदारको रुपमा अंगीकार गरेको हुँदा नेपालको हरेक सुगम देखि दुर्गम क्षेत्रमा अवस्थित समुदायको वित्तीय आवश्यकता पूरा गर्न तथा स-साना बचत संकलन गरी बैंक तथा वित्तीय संस्थाहरु समेत नपुगेको स्थानमा बचतको बानी बसाउनका लागि संचालित सहकारी संघ/संस्थाहरुको वित्तीय आवश्यकता पूरा गरी सक्षम र सबल बनाउन सहकारी बैंकको विशेष भूमिका रहेको छ।

यस भूमिकालाई बोध गर्दै जिम्मेवारी पूरा गरी देशको समग्र विकाशका लगि राष्ट्रिय सहकारी बैंक लिमीटेडले आफ्नो केन्द्र तथा शाखा कार्यालयहरु मार्फत सहकारी संघ संस्थाहरुमा वित्तीय तथा अन्य सेवा प्रदान गरी सहकारी अभियानलाई माथि उठाउने कार्यमा सहयोग गरेको छ।

## सहकारी बैंकको रक्तदान कार्यक्रम




बारा/राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय सिमरा बाराको आयोजनामा ५८ औं राष्ट्रिय सहकारी दिवसको अवसर पारि खुल्ला रक्तदान कार्यक्रम सम्पन्न भएको थियो। सिमरा स्थित बैंकको प्राङ्गणमा 'आयात प्रतिस्थापन र सामाजिक न्यायका लागि सहकारी' भन्ने मूल नारा सहितको ब्यानरका साथ आयोजना भएको उक्त कार्यक्रममा बैंकमा आबद्ध बिभिन्न सहकारी संघ/संस्थाका ८ जना महिला सहित कुल ४७ जनाले रक्तदान गर्नुभएको थियो।

# सहकारी अर्थव्यवस्थाको विकासमा राष्ट्रिय सहकारी बैंकको भूमिका



**प्रमोद कुमार घिमिरे**
**सहायक प्रवन्धक**
**राष्ट्रिय सहकारी बैंक लि.**

विकासोन्मुख देशहरुमा सहकारी संस्थाहरुलाई राज्यको सार्वजनिक संस्थानको रुपमा व्यवहार गरिएको हुन्छ। सहकारी संस्थान स्वरुपको एउटा व्यवसायिक संगठन हो जस्को स्वामित्व र नियन्त्रण ग्राहकहरुले सदस्यको रुपमा स्वयमले गर्दछन् र संगठनको संचालन सदस्यहरुकै आवश्यकता र इच्छाहरु पूर्तिका लागि गरिएको हुन्छ। सहकारी एउटा कानूनी संरचना हो जसको स्वामित्व तथा नियन्त्रणमा त्यसका सदस्यहरुको समान अधिकार रहेको हुन्छ । प्रजातान्त्रिक वातावरणको अभावमा सहकारीहरुको सिद्धान्त, मुल्य र मान्यताहरुको प्रयोग सम्भव छैन भन्ने तथ्यलाई विश्वका विभिन्न मुलुकहरुमा भएको सहकारीको प्रयोगले स्पष्ट पारेको छ । सहकारीहरुको विकास, विस्तार र प्रवर्द्धनमा सरकारको उपयुक्त नीति र व्यवहार आवश्यक छ । हाम्रो देशमा सहकारी क्षेत्रको विकासको इतिहास त्यति लामो छैन । नेपालको सहकारी क्षेत्रको विकासको इतिहासबाटै पनि हामीले धेरै कुरा सिकेका छौं । २०४८ साल अघिका सहकारीहरु राज्यद्वारा निर्देशित र संरक्षित भई सञ्चालनमा ल्याईएका थिए जसमा जनताको मन वचन सहितको सहभागिता थिएन । पञ्चायत कालखण्डका कतिपय सहकारीहरु अहिले धेरैजसो संकटमा परेका छन् अथवा विविध कारणले बन्द भैसकेको पाईएको छ ।

२०४८ सालमा सहकारी ऐन त आयो तर त्यतिखेर विश्वभरीनै आर्थिक उदारीकरणको दबदबाले गर्दा राज्यले सहकारी क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनका लागि कुनै पहल गर्न सकेन । तर नेपालमा स्वतःस्फुर्त सहकारी संस्थाहरु खुल्ने वातावरण भने सहकारी ऐन, २०४८ ले बनाएको थियो । फलस्वरुप २०४८ सालमा ८३० वटा मात्र रहेको सहकारीहरुको संख्यामा उल्लेख्य रुपमा बृद्धिभई हालसम्म ३१ हजार भन्दा बढी सञ्चालित रहेका छन्। सामाजिक तथा आर्थिक रुपले पछाडी परेका जनताको आर्थिक विपन्नताको अवस्थाबाट जीवन स्तरमा सुधारको प्रत्याभुती दिन वि.सं. २०१३ सालमा मुलूकमा सहकारी अभियानको थालनी भएको हो । यस उदेश्यलाई परिपूर्ति गर्ने उपयुक्त माध्यमको रुपमा स्थापित सहकारी संघ/संस्थाहरुलाई आर्थिक गतिशीलता दिन सहकारी बैंक ऐंन २०१९ जारी भै वि.सं.२०२० सालमा सहकारी बैंकको स्थापना भएको थियो । तर सहकारी संघ/संस्थाहरुको संख्या न्यून हुनु र सहकारी प्रवर्द्धन सम्बन्धी ठोस नीतिको अभावमा सहकारी बैंकले आफ्नो पहिचान कायम गर्न नसकि वि.सं. २०२४ सालमा सहकारी बैंक कृषि विकास बैंकमा परिणत हुनगयो । वि.सं. २०१३ साल देखि २०४८ साल पूर्व सम्मको कालखण्डमा सहकारी क्षेत्रले निकै आरोह अवरोहहरु पार गर्नु परेको अवस्था सहकारी क्षेत्रको पूर्व इतिहासमा पाईन्छ । सरकारी नियन्त्रणको अवस्थामा संचालित सहकारीले गति लिन नसक्ने र सहकारी सदस्यहरुद्धारा मात्र संचालित र नियन्त्रित हुने पद्धति भएको हुँदा सहकारीको आवश्यकता तथा अपरिहार्यतालाई दृष्टिगत गरी सहकारी ऐंन २०४८ जारी भयो। सहकारी ऐंन २०४८ जारी भए पश्चात नेपालमा सहकारीताको क्षेत्रमा नयाँ युगको सुत्रपात हुन गयो । सहकारी ऐनले सहकारीको स्वाधिनता र स्वतन्त्रताको रक्षा गरेको कारण स्वस्फुर्त रुपमा सहकारीको स्थापना र सेवाको क्षेत्र फराकिलो हुन शुरु भएको हो ।

राष्ट्रिय सहकारी बैंक सम्पूर्ण सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवं वित्तीय आवश्यकताहरुलाई पूरा गरी ती संघ/संस्थाहरूलाई बैंकिङ्ग सेवामा पहुँच दिन तथा अन्य वित्तिय सेवा सुविधाहरू उपलब्ध गराई सहकारी क्षेत्रमा सहयोग पुऱ्याउने उद्देश्यले राष्ट्रिय सहकारी संघको नेतृत्वमा नेपाल राष्ट्र बैंकको सिफारिसमा कृषि तथा सहकारी मन्त्रालय, सहकारी विभागमा मिति २०६० असार २५ गते दर्ता भई २०६१ श्रावण १९ गतेबाट बैकिङ्ग कारोवार गर्दै आएको छ । यस बैंकलाई मिति २०६७ साउन १० गते नेपाल राष्ट्र बैंकले सिमित बैंकिङ्ग कारोवार गर्न इजाजत प्रदान गरेको छ । प्रारम्भमा नेपाल सरकारले यस बैंकमा १ करोड रुपैया शेयर लगानी गरी आ.व. २०६६/६७ को बजेटबाट सरकारले यस बैंकमा थप १ करोड रुपैया सुलभ दरमा ऋण लगानी गरेको छ ।

मुलुकमा छरिएर रहेका पूँजी, शीप साधनलाई एकिकृत रुपमा परिचालन गरि उत्पादनशील क्षेत्रमा लगानी गर्ने सहकारी संघ/संस्थाहरुलाई थोक कर्जाको रुपमा वित्तीय साधन तथा अन्य सेवा तथा सुविधाहरु उपलब्ध गराई सहकारी ऐन, २०४८ बमोजिम राष्ट्रिय स्तरको सहकारी क्षेत्रको एक मात्र बैंक हो । यस बैंकले आफ्ना शेयर सदस्य संस्थाहरुलाई लगातार १३ प्रतिशत लाभांश वितरण गर्न सफल भएको छ । मुलुकमा ३१ हजार सहकारी सघं/स्थापना भई सकेको सन्दर्भमा राष्ट्रभरी स्थापना भएका सम्पूर्ण सहकारीहरुलाई बैकिङ्ग सेवा दिने उद्देश्यले हाल सम्म ३६ वटा शाखाहरु स्थापना भैसकेका छन् । यस बैंकले शाखाहरुको विस्तार सँगै सदस्य संघ संस्थाहरुको सहभागितामा वृद्धि गराएको छ । सहकारीमा लघुवित्त कार्यक्रम संचालनका लागि युवा स्वरोजगार कोष र विभिन्न बैंक तथा वित्तीय संघ/संस्थाहरुसँग समन्वय गरेको छ । साथै, विभिन्न जिल्लामा साधारण सभा, भेला तथा गोष्ठीहरु सम्पन्न गर्दै सहकारीकर्मीहरुलाई एकतावद्ध गराउँन सफल भएको छ भने ७५ वटै जिल्लाका ८

हजार सहकारी संघ संस्थाहरुले यसको सदस्यता लिइसकेका छन् । वाणिज्य बैंक तथा अन्य वित्तीय संस्थाहरुले विशेष गरी ठूला उद्योग तथा औद्योगिक क्षेत्रमा मात्र लगानीलाई प्राथमिकता दिने हुनाले ग्रामीण एवं साना उद्योगहरुको लागानीमा सहकारी संघ/संस्थाहरुमात्र उपयुक्त हुने भएको हुँदा यस बैंकको महत्व दिन प्रति दिन बढदै गएको छ। ठूला बैंक तथा वित्तीय संस्थाहरुले ग्रामीण क्षेत्रबाट आफ्नो सेवा शहरी क्षेत्रमा बढी केन्द्रीकृत गरेको हुनाले ग्रामीण तहमा सहकारी संघ/संस्थालाई प्रवर्द्धन गर्न यस बैंकले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । बैंक तथा वित्तीय संस्थाहरुले सहकारी संघ/संस्थाहरुलाई व्याज प्राप्त हुने गरी बचत खाता खोल्ने सुविधा नदिने नीतिका कारण सहकारी संघ/संस्थाहरुलाई सो सुविधा पुऱ्याउन बैंकको आवश्यकता दिनानुदिन बढ्दै गैरहेको छ। सदस्य सहकारी संघ/संस्थाहरुलाई शिक्षा र तालीमको माध्यमबाट व्यवसायिक तथा प्राविधिक सहयोग गरिरहेको, आफ्ना सदस्य सहकारी संघ/संस्थाहरुको नियमन, अनुगमन तथा सुपरिवेक्षणको कार्य गरी सहकारी क्षेत्रलाई व्यवस्थित गरिरहेको, सहकारी बैंकिङ्ग प्रणालीलाई संघिय संरचनामा विकास गरी यस क्षेत्रलाई दिगो र प्रभावकारी वनाउन मद्दत गरिरहेको, सदस्य सहकारी संघ/सस्थाहरुलाई थोक कर्जा उपलब्ध गराई तिनीहरुको बित्तिय आवश्यकतालाई पुरा गराउन सक्षम रहेको, बैंक तथा वित्तिय संस्थाहरुले सहकारी संघ/संस्थाहरुलाई प्रभावकारी रुपमा कर्जा लगानी नगर्ने भएका कारणले सो सेवा प्रदान गरिरहेको, सहकारी क्षेत्रको विकासका लागि सरकारको नीति निर्देशन र ऐनको अधीनमा रही राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सहकारी संघ/संस्थाहरुसंग आवश्यक समन्वय कायम गरी सहकारी आन्दोलनलाई सहयोग गर्न र यसको प्रत्यक्ष प्रतिफल सहकारी संघ/संस्थाहरुमा आवद्ध लाखौं सदस्यहरुसामु पुऱ्याउनका लागि एक भरपर्दो एवं प्रभावकारी सहकारी सञ्जालको रुपमा कार्य गर्दै आइरहेको परिप्रेक्षमा यस बैंकको भुमिका सकारात्मक रहेको छ ।

स्थानियस्तरका जनता, विशेष गरेर आर्थिक, सामाजिक रुपमा पछाडी परेका/पारिएका व्यक्ति तथा समुदायहरुको आवश्यकता, समस्या, तिनका सम्भाव्यता र उर्जासमेत आँकलन गरी विपन्नतामा बाँच्नुपर्ने अन्तरनिहित कारण बारे बिश्लेषण गरी समाधान पहिल्याई तदअनुसार कार्यक्रम संचालन गर्नु आजको आवश्यकता हो। न्यून आय, आर्थिक, सामाजिक तथा भौगोलिक कारणबाट जोखिमोन्मुख वर्गका व्यक्ति तथा समुदायहरुलाई लक्षित गरी राष्ट्रिय सहकारी बैंक लिमिटेडले आफ्ना सदस्य संघ संस्थालाई विभिन्न शिर्षकहरुमा थोक कर्जा प्रदान गर्दै आएको छ । यस अर्न्तगत आवधिक (मासिक किस्ताबन्दी) कर्जा, चालुपूँजी कर्जा, परियोजना कर्जा, लघु कर्जा, तरलता व्यवस्थापन कर्जा, हायर पर्चेज कर्जा, घर घडेरी तथा निर्माण कर्जा, मुद्दती रसिद धितो कर्जा, कृषि परि योजना कर्जा आदि विभिन्न शिर्षकहरुमा सुलभ व्याजदरमा कर्जा प्रदान गर्दै आएको छ। यस बैंकबाट कर्जा सेवा प्राप्त गरेका संस्थाहरुले पनि विपन्न वर्गप्रति जिम्मेवार र उत्तरदायी भई तिनका प्राथमिकतालाई सम्बोधन गर्न सकेमा प्रभावकारी प्रतिफल ती वर्गले प्राप्त गर्न सक्ने भई गरिबी निवारण हुनसक्ने छ । अहिले नेपालमा सवैभन्दा ठुलो समस्या तथा चुनौती गरिवी निवारण र वेरोजगारीको समस्या समाधान गर्नु हो । वेरोजगारीको समस्या तव मात्र समाधान हुन्छ, जव देशमा उद्योग धन्दा र ब्यवसाय फस्टाउँछ । गरिवी निवारणको लागि रोजगारी चाहिन्छ, रोजगारीको लागि उद्योग तथा व्यवसाय आवश्यक छ, उद्योग तथा व्यवसायको लागि लगानी हुनुपऱ्यो, लगानीको लागि ऋण उपलब्ध हुनुपऱ्यो, ऋण दिन बैंक सक्षम हुनुपऱ्यो, बैंकले ऋण दिन सक्षम हुनको लागि पर्याप्त निक्षेप हुनुपऱ्यो, निक्षेपको लागि बैंकमा रकम जम्मा हुनुपऱ्यो र बैंकमा रकम जम्मा हुनको लागि जम्मा गर्ने निक्षेपकर्ताको मन ढुक्क हुनुपऱ्यो । अनि मात्र बैंकमा निक्षेप जम्मा हुन्छ। बैंकमा निक्षेप जम्मा भएन भने ऋण दिन सक्दैन । बैंकले ऋण दिन सकेन भने व्यवसाय तथा उद्योग सञ्चालन हुँदैन। व्यवसाय तथा उद्योग सञ्चालन भएन भने रोजगारी सिर्जना हुंदैन। रोजगारी भएन भने अन्ततः बेरोजगारको समस्याले गर्दा गरिवी निवारणको समस्या सुल्झिदैन र यसले गर्दा देशको अर्थव्यवस्था र राजनीतिक स्थिरता हुंदैन। तसर्थ यी र यस्तै प्रकारको सन्दर्भमा देशको अर्थव्यवस्थालाई सुचारु रुपले सञ्चालन गर्न बैंकको भुमिका रहने नै भयो। यो भुमिका निर्वाह गर्न बैंकिङ्ग व्यवसाय सदैव तत्पर रहनु पर्दछ। यसै सन्दर्भमा राष्ट्रिय सहकारी बैंक उल्लेखित विषयमा प्रभावकारी भुमिका खेल्दै आईरहेको छ र आगामी दिनहरुमा अझ सशक्त रुपले अगाडी बढ्ने छ ।

यस बैंकले आफ्नो पहिलो प्राथमिकतामा ग्रामीण भेगमा सञ्चालित सहकारी संघ/संस्थाहरुमा आवद्ध गरीव तथा विपन्न घर परिवारका सदस्यहरुको स्थानीय सीप, श्रम र पूँजीको पहिचान गरी रोजगार मूलक तथा आयवृद्धिमुलक व्यवशाय संचालनका लागि सहकारी संघ/संस्थाहरु मार्फत पूँजी परि चालन गरिरहेको छ। बेरोजगार दलित, मधेसी, आदीवासी जनजाती, महिला तथा सिमान्त साना किसान तथा विपन्न परिवारलाई कृषि व्यवसाय, पराम्परागत सीपमा आधारित ब्यवसाय प्रवर्द्धन, साना उद्यम तथा सेवा ब्यवसाय सञ्चालन गर्न उनीहरुको सीप, दक्षता र क्षमतामा अभिबृद्धि गरी स्वरोजगारमूलक ब्यवसाय सञ्चालन गर्न सदस्य सहकारी संघ/संस्थाहरु मार्फत आवश्यक पूँजी उपलब्ध गराई उद्यम ब्यवसाय प्रवर्द्धनका माध्यमबाट देशमा रोजगारीको अवसरको सिर्जना तथा आयबृद्धि गर्ने कार्यमा यस बैंकको भुमिका महत्वपूर्ण रहेको छ। हालसम्म यस बैंकले खेलेको भुमिकाहरु निम्नानुसार रहेका छन् :

- गरिबी निवारणमा योगदान
- उत्पादक रोजगारीको सिर्जना गर्न मद्दत
- श्रम बजारको सन्तुलनमा सहयोग

## बैंकको वर्तमान अवस्था: (२०७२ असोज मसान्तको)

| | | | |
|---|---|---|---|
| सदस्य सहकारी संघ/संस्था संख्या | ७६२५ | शेयर पुँजी | ६९ करोड ४६ लाख |
| सदस्य सहभागि जिल्ला संख्या | ७५ | निक्षेप दायित्व | ८ अर्ब ५१ करोड |
| शाखा संख्या | ३६ | असुल बाँकी कर्जा | ४ अर्ब ४७ करोड |
| कर्मचारी संख्या | १९५ | ऋणी संख्या | १५८९ |

- आवश्यकता अनुसारको बैंकिङ्ग सेवा
- सामाजिक एकीकरणमा सहभागिता
- प्रजातान्त्रिक संस्कृतिको प्रवर्द्धन
- वातावरणको संरक्षण
- स्वच्छ उत्पादनमा सहयोग
- ब्यापार शुद्धता गर्न सहयोग
- उद्यमशिलताको विकासमा मद्दत
- उत्पादनमा बृद्धि गर्न मद्दत
- सामाजिक विकृतिहरुको उन्मुलनको माध्यम
- स्थीर र दीगो आर्थिक विकासमा योगदान
- संकटको सामना गर्नसक्ने क्षमता विकास
- रणनैतिक योजनाको तर्जुमा
- जोखिम व्यवस्थापन
- इमान्दार, स्वच्छ एवं जिम्मेवार व्यवस्थापन
- सदस्यहरुको सेवा गर्न तत्पर
- व्यवसायिक इमान्दारिता र स्वच्छता
- पारदर्शिता कायम गर्न
- सीप र व्यवसायिकताको विकास
- सामाजिक उत्तरदायित्व निर्वाह
- सहकारी बीचको सहकार्य
- सहकारी आन्दोलनमा सहयोग
- आर्थिक बृद्धिमा योगदान
- सरकारी राजश्वमा योगदान
- अन्तर्राष्ट्रिय संघ/संस्थाहरुमा आवद्धता र सहकार्य
- प्रभावकारी शिक्षामूलक तालिमको व्यवस्था
- सहकारी अर्थव्यवस्थाको प्रवर्द्धन गर्न मद्दत

त्यसैगरी कृषि, जलस्रोत, उपभोक्ता, आवास, यातायात, श्रमिक, स्वास्थ्य, पर्यटन, विद्युत, सूचना तथा संचार, बहुउद्देश्यीय, महिला, बचत तथा ऋण, दुग्ध, तरकारी तथा फलफुल, मौरी पालन, जडिबुटि, बिउबिजन, मत्स्य पालन, पशुपालन लगायतका सहकारी संघ/संस्थाहरुमा सहकारी मन्त्रालय, सहकारी विकास वोर्ड, सहकारी विभाग, डिभिजन सहकारी कार्यालय, सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, सहकारी प्रशिक्षण केन्द्र लगायत राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरुसंग समन्वय र सहकार्य गरी आर्थिक, सामाजिक र प्राविधिक सेवा मार्फत आफ्नो बैंकिङ्ग कार्यक्रम संचालन गरिरहेको छ र आगामी दिनहरुमा अझ प्रभावकारी रुपले आधुनिक बैंकिङ्ग सेवाहरु मार्फत आवद्ध सहकारी संघ संस्थाहरु मार्फत सहरी तथा ग्रामीण भेगका व्यक्ति तथा समुदायहरुमा आफ्नो सेवाको पहुँच विस्तार गरी गरिबी निवारण गर्ने राष्ट्रिय अभियानमा ठोस योगदान गर्नेछ ।

**अन्त्यमा,**

यस बैंकले सहकारी अर्थव्यवस्थाको विकास, प्रवर्द्धन र उन्नतिमा प्रभावकारी भुमिका खेलिरहेको परिप्रेक्षमा अझ गुणात्मक रुपले आफ्नो सेवा विस्तार गर्न, आधुनिक बैंकिङ्ग सेवा प्रदान गर्न, माग वमोजिको सेवा विस्तार गर्न, लघु उद्यमी तथा विपन्न वर्गहरुलाई शिपमुलक एवम् आयमुलक व्यवसाय संचालनको लागि सुलभ दरमा ऋण सेवा प्रदान गर्न, स्थानियस्तरमा छरिएर रहेको पूँजीलाई एकत्रित गरी प्रभावकारी पूँजी परिचालनको माध्यमबाट व्यक्ति तथा समुदायहरुको आर्थिक एवम् सामाजिक विकासमा भुमिका खेल्न, गरिबी निवार ण गर्न र समग्र सहकारी अर्थव्यवस्थालाई व्यवस्थित र जनमुखि बनाउने यस बैंकको अभियानमा सम्पूर्ण सहकारीकर्मीहरुलाई यस बैंकसंग आवद्ध भई बैंकिङ्ग कार्यक्रम उपयोग गर्न र शेयर सदस्यतामा सहभागिताको लागि आह्वान गर्दछौं ।

# सहकारी क्षेत्रमा कर विषयक अन्तरक्रिया




भक्तपुर/राष्ट्रिय सहकारी बैंक लिमिटेड र आन्तरिक राजश्व कार्यालय भक्तपुरको संयुक्त आयोजनामा "सहकारी क्षेत्रमा कर" बिषयक अन्तरक्रिया कार्यक्रम साउन १४ गते भक्तपुरमा सम्पन्न भएको छ । कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका प्रबन्ध संचालक के.बि.उप्रेती, आन्तरिक राजश्व बिभागका महानिर्देशक चुडामणी शर्मा, निर्देशक गोपाल प्रसाद घिमिरे, आन्तरिक राजश्व कार्यालय भक्तपुरका प्रमुख चन्द्र कुमार श्रेष्ठ, कोष तथा लेखा नियन्त्रक कार्यालय भक्तपुरका प्रमुख कोष नियन्त्रक हरिप्रसाद पन्थी, डिभिजन सहकारी कार्यालय भक्तपुरका प्रमुख डेकराज पोखरेल, राष्ट्रिय सहकारी बैंकका संचालक सरिता भट्टराई र देवराज पराजुली, राष्ट्रिय सहकारी संघका नायब महाप्रबन्धक चित्रा सुब्बा लगायतले करका बारेमा धारणा राख्नु भएको थियो । भक्तपुर जिल्लामा संचालित विभिन्न सहकारी संघ संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको कार्यक्रमका सहभागीहरुले सहकारी क्षेत्रले आर्थिक तथा सामाजिक परिवर्तनका लागि महत्वपूर्ण भूमिका खेल्दै आएको तर सहकारी क्षेत्रमा लगाईएको कर अन्योल र अस्पष्ट रहेको बताएका थिए । सहकारी क्षेत्रमा लगाइएको कर प्रणालीलाई व्यावहारिक बनाउनु पर्नेमा सहभागीहरुको जोड थियो । कार्यक्रमको संचालन राष्ट्रिय सहकारी बैंक लिमिटेडका सहायक महाप्रबन्धक हरिकृष्ण सापकोटाले गर्नुभएको थियो ।

## राष्ट्रिय सहकारी बैंक..........

दाखिला गरेकोले सम्मान गरिएको आन्तरिक राजस्व विभागले जनाएको छ ।

राष्ट्रको तिन खम्बे अर्थनीति मध्येको एक सहकारी क्षेत्र भएकोले बैंकले प्राप्त गरेको यो सम्मान देशका सम्पूर्ण सहकारी संघ/संस्थाको सम्मान भएको बैंकका प्रबन्ध सञ्चालक के.बी. उप्रेतीले बताउनुभयो । बैंकले आ.व. २०७०/०७२ मा ३ करोड ४६ लाख ४३ हजार २६ रुपैया मुनाफा कर दाखिला गरेको थियो । देशभरका सबै सहकारी संघ संस्थाहरुको एक मात्र बैंकका रुपमा स्थापित राष्ट्रिय सहकारी बैंकमा हाल देशभरका ८ हजार सहकारी संघ संस्थाहरु सदस्य रहेका छन् । बैंकमा ७० करोड शेयर, ९ अर्ब निक्षेप, ५ अर्ब लगानी तथा १० अर्ब बराबरको कारोबार रहेको छ । केन्द्रीय कार्यालय र ३६ वटा शाखा मार्फत कारोबार गर्दै आएको बैंकले आगामी ५ वर्ष भित्र १५ हजार सदस्य, ३ अर्ब शेयर रकम, ३० अर्ब लगानी पुऱ्याउने लक्ष्य लिएको बैंकका प्रबन्ध सञ्चालक के.बी. उप्रेतीले जानकारी दिनुभयो ।

# राष्ट्रिय सहकारी बैंक लिमिटेड केन्द्रिय कार्यालय र शाखा कार्यालयहरुको विवरण

| क.सं | कार्यालय | ठेगाना | फोन नं. | फ्याक्स नं. | कार्यालय प्रमुख |
|---|---|---|---|---|---|
| | केन्द्रीय कार्यालय | कुपण्डोल, ललितपुर | ०१-५०११७८२ | ०१-५५५५६८७ | के.बी. उप्रेती |
| १. | मुख्य शाखा कार्यालय | कुपण्डोल, ललितपुर | ०१-५०११७८२ | ०१-५५५५६८७ | युवराज पाण्डे |
| २. | शाखा कार्यालय | लगनखेल, ललितपुर | ०१-५५२९८७९ | ०१-५५५४८७९ | रमा घिमिरे |
| ३. | शाखा कार्यालय | चापागाँउ, ललितपुर | ०१-५५७४५८४ | ०१-५५७४५८४ | रामशरण सापकोटा |
| ४. | शाखा कार्यालय | नयाँबानेश्वर, काठमाडौं | ०१-४४६१९०७ | ०१-४१०४१५० | निरोज पराजुली |
| ५. | शाखा कार्यालय | चाबहिल, काठमाडौं | ०१-४४७५४७५ | ०१-४४७५४७५ | प्रतिभा मानन्धर |
| ६. | शाखा कार्यालय | गोगंबु,काठमाडौं | ०१-४३६४६३४ | ०१-४३६४६३४ | जानुका नेपाल |
| ७. | शाखा कार्यालय | कलंकी, काठमाडौं | ०१-४२८४३९९ | ०१-४२८४३९९ | सुरेश खनाल |
| ८. | शाखा कार्यालय | न्यूरोड, काठमाडौं | ०१-४२१६०२२ | ०१-४२१६०२२ | सुनिल श्रेष्ठ |
| ९. | शाखा कार्यालय | बिर्तामोड,झापा | ०२३-५४०६३३ | ०२३-५४०६३३ | विरवल राजवंशी |
| १०. | शाखा कार्यालय | दमक, झापा | ०२३-५८५४३१ | ०२३-५८५४३१ | विवेक डाँगी |
| ११. | शाखा कार्यालय | उर्लाबारी, मोरङ | ०२१-५४१८६५ | ०२१-५४१८६५ | प्रभु पोखरेल |
| १२. | शाखा कार्यालय | विराटनगर, मोरङ | ०२१-४७०८९८ | ०२१-४७०१५३ | हिमा मैनाली |
| १३. | शाखा कार्यालय | इटहरी,सुनसरी | ०२५-५८७७६७ | ०२५-५८७७६७ | सुमन श्रेष्ठ |
| १४. | शाखा कार्यालय | बारा,सिमरा | ०५३-५२१०३८ | ०५३-५२१०३८ | गोविन्द ओझा |
| १५. | शाखा कार्यालय | हेटौडा,मकवानपुर | ०५७-५२६९५५ | ०५७-५२६९५५ | हिरालाल सुनुवार |
| १६. | शाखा कार्यालय | बुटवल, रुपन्देही | ०७१-५४०८०४ | ०७१-५४०८०४ | नरेश पाण्डे |
| १७. | शाखा कार्यालय | घोराही,दाङ | ०८२-५६१९९७ | ०८२-५६१९९७ | नारायण वेल्वासे |
| १८. | शाखा कार्यालय | विरेन्द्रनगर,सुर्खेत | ०८३-५२५२२९ | ०८३-५२५२२९ | सागरनाथ योगी |
| १९. | शाखा कार्यालय | गोदामचोक, वागलुङ | ०६८-५२२५२९ | ०६८-५२२५२९ | सन्तोष घिमिरे |
| २०. | शाखा कार्यालय | वालिङ, स्याङजा | ०६३-४४०६३३ | ०६३-४४०६३३ | प्रकाश सापकोटा |
| २१. | शाखा कार्यालय | दमौली, तनहुँ | ०६५-५६२२५२ | ०६५-५६२२५२ | विनोद भट्टराई |
| २२. | शाखा कार्यालय | पोखरा, कास्की | ०६१-५३९४०४ | ०६१-५३९४०४ | केदारनाथ उप्रेती |
| २३. | शाखा कार्यालय | विदुर, नुवाकोट | ०१०-५६०९६६ | ०१०-५६०९६६ | बैकुण्ठ मिश्र |
| २४. | शाखा कार्यालय | बनेपा, काभ्रे | ०११-६६१०६३ | ०११-६६१०६३ | सिद्धी कुमार श्रेष्ठ |
| २५. | शाखा कार्यालय | चरीकोट, दोलखा | ०४९-४२१८७३ | ०४९-४२१८७३ | हेमन्त चौलागाई |
| २६. | शाखा कार्यालय | धरान, सुनसरी | ०२५-५२५४७९ | ०२५-५२५४७९ | अनुजा सैंजु |
| २७. | शाखा कार्यालय | दैलेख | ०८९-४२०५७७ | ०८९-४२०५७७ | निताकुमारी थापा |
| २८. | शाखा कार्यालय | ठिमी, भक्तपुर | ०१-५०९३०१८ | ०१-५०९३०१८ | सविना बस्नेत |
| २९. | शाखा कार्यालय | कोहलपुर, बाँके | ०८१-५४१९०२ | ०८१-५४१९०२ | सुजन ददेल |
| ३०ं | शाखा कार्यालय | सिन्धुलीमाडी, सिन्धुली | ०४७-५२०६४५ | ०४७-५२०६४५ | किसन श्रेष्ठ (चोच्छे) |
| ३१. | शाखा कार्यालय | इलाम | ०२७-५२१९२४ | ०२७-५२१९२४ | उपेन्द्र दाहाल |
| ३२. | शाखा कार्यालय | जनकपुर,धनुषा | ०४१-५३०२०९ | ०४१-५३०२०९ | सन्तोष ढकाल |
| ३३. | शाखा कार्यालय | सप्तरी, राजविराज | ०३१-५२३६९९ | ०४१-५३०२०९ | विप्लव कुमार कर्ण |
| ३४. | शाखा कार्यालय | पर्सा,विरगंज | ०५१-५२१११९ | ०५१-५२१११९ | युवराज त्रिपाठी |
| ३५. | शाखा कार्यालय | धनगढी, कौलाली | ९८४८४३७८१० | | कृष्ण रावल |
| ३६. | शाखा कार्यालय | चन्द्रनिगाहपुर, रौतहट | ९८६२९३६६९५ | | बिष्णु पराजुली |




**सेवा प्रवेश प्रशिक्षण** : राष्ट्रिय सहकारी बैंक लिमिटेडले आफ्ना सहायक तह देखि सहायक अधिकृत सम्मका ६३ जना नया कर्मचारीहरुको क्षमता अभिवृद्धि तथा बैंकको कार्य सम्पादनमा सक्षम बनाउनको लागि संचालित एक हप्ता सम्मको "सेवा प्रवेश प्रशिक्षण" कार्यक्रम नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान केन्द्र जावलाखेल, ललितपुरमा सम्पन्न भयो । तालिम समापनका क्रममा प्रशिक्षार्थीहरुलाई राष्ट्रिय सहकारी बैंकका प्रबन्ध संचालक के. बि. उप्रेती, लेखा समितिका संयोजक कुलचन्द्र अधिकारी, प्रशिक्षण प्रतिष्ठानका अधिकृत अर्जुन बरालले प्रमाणपत्र प्रदान गर्नुभएको थियो । कार्यक्रम बैंकका सञ्चालक एवम् शिक्षा तथा तालिम संयोजक सरिता भट्टराईको अध्यक्षतामा सम्पन्न भएको थियो ।



RURAL DEVELOPMENT AND MANAGEMENT CENTRE भारतका निर्देशक Dr. Daman Prakash बाट राष्ट्रिय सहकारी बैंक लि. को केन्द्रीय कार्यालयको २०७२ बैशाख ९ गते अवलोकन गर्नुभएको छ । राष्ट्रिय सहकारी बैंकका प्रबन्ध संचालक के.बी. उप्रेतीले उहालाई स्वागत गर्नु भएको थियो ।



२०७१ माघ २४ गते राष्ट्रिय सहकारी बैंक लि. मा Brian Benette - CEO, Encompass, Australia_, Marks Worthington -CEO, Select Credit Union, Australia_ र Nabindra Liniarachi - CEO, Sanasa Federation, Srilanka_ को टोलिद्वारा भएको अबलोकन भ्रमण गर्नु भएको थियो ।

०७१ माघ २५ गते ACCU का CEO Ms. Elenita V San Roque बाट राष्ट्रिय सहकारी बैंक लि. को केन्द्रीय कार्यालयको अवलोकन गर्नु भएको थियो । सो अवसरमा उहाले नेपालमा सहकारी क्षेत्रमा राष्ट्रिय सहकारी बैंक लिमिटेडले अभिभावकीय भूमिका निभाउनु पर्नेमा जोड दिनु भएको थियो । बैंकले नेपालको सहकारी अभियानमा गरेको भूमिकाको प्रसंसा गर्नुभयो






एसियाली ऋण महासंघ (ACCU) को आयोजनामा ०७२ जेठ ३१ देखि असार ५ गते सम्म संचालित Development Education Workshop मा बैंकका संचालक हरिहरनाथ योगी र अधिकृत मोहन कार्कीको सहभागिता रहेको थियो । एसियाली ऋण महासंघले संचालन गर्ने उत्कृष्ट तालिम मध्येको उक्त तालिममा Bangladesh, Indonesia, Nepal, Thailand, Philippines र Kenya लगायतका देशका सहकारीकर्मीहरुको सहभागिता थियो । सन १९९९ देखि शुरु भएको सो तालिम लिएर एशियाका बिभिन्न देशका गरी ५ सय ३ जना सहकारीकर्मीले Development Educator को उपाधि प्राप्त गरिसकेका छन् ।

### छोटकरी समाचार

## आइसीएको महासभामा अध्यक्ष सहभागी

ललितपुर/अन्तर्राष्ट्रिय सहकारी महासंघ (ICA) को ०७२ कार्तिक २४ देखि २७ सम्म एंटाल्या, टर्कीमा सम्पन्न महासभामा राष्ट्रिय सहकारी बैंकको तर्फबाट अध्यक्ष रमेश प्रसाद पोखरेलले सहभागिता जनाउनु भएको छ। महासभाका अवसरमा सहकारी क्षेत्रले वर्तमानमा भोग्नुपरेका समस्या, चुनौती यस क्षेत्रको दिगोपना र विकासको लागि सम्मेलन समेत भएको थियो। महासभाबाट आइसीएको अध्यक्षमा क्यानाडाकी मोनिक्यु लेरोक्स ( Monique Leroux ) निर्वाचित हुनु भएको छ। महासभामा खसेको कुल ७ सय ४२ मत मध्ये ४ सय ७ मत प्राप्त गरी लेरोक्स विजयी हुनु भएको हो।

## सहकारी बैंकका तीन शाखा थपिंदै

ललितपुर/राष्ट्रिय सहकारी बैंक लिमिटेडले ३ वटा शाखा कार्यालय थप गर्ने भएको छ। शाखा सञ्चालनका लागि नेपाल राष्ट्र बैंक र सहकारी विभागबाट सहमति र स्वीकृति पाइसकेकोले शाखा सञ्चालनको तयारी भैरहेको अध्यक्ष रमेश पोखरेलले जानकारी दिनु भयो । सिराहाको लाहान, रौतहटको चन्द्रनिगाहपुर र कैलालीको धनगढीमा शाखा सञ्चालन अनुमति पाइसकिएको छ ।

## सहकारी बैंकको कर्जा अभिमुखीकरण तालिम

ललितपुर/राष्ट्रिय सहकारी बैंक लिमिटेड गोंगबु शाखाको आयोजनामा ३ दिने कर्जा व्यवस्थापन तालिम ०७१ साल फागुन ९ देखि ११ गते सम्म सम्पन्न भएको थियो । यस्तै कलंकी र न्यूरोड स्थित राष्ट्रिय सहकारी बैंक लिमिटेडका शाखा कार्यालयहरुको संयुक्त आयोजनामा ०७१ साल फागुन २९ देखि चैत १ गते सम्म ३ दिने कर्जा व्यवस्थापन तालिम काठमाडौंमा सम्पन्न भएको थियो। बैंकमा आवद्ध सबै प्रकृतिका सहकारी संघ संस्थाहरुलाई कर्जाको महत्व, कर्जाको उपयोगिता, कर्जामा निहित जोखिम, कर्जा विश्लेषण, लघु कर्जा र धितो सुरक्षणको लागि लिइने कागजातका महत्व तथा लगानी अशुली लगायतका विषयमा तालिममा सहजीकरण गरिएको थियो ।

## एशिया प्रशान्त युवा सहकार्य कार्यक्रममा सहभागिता

ललितपुर/अन्तर्राष्ट्रिय सहकारी महासंघको एसिया प्रशान्त युवा सहकार्य र विश्वविद्यालय र क्याम्पस सहकारी समितिद्वारा थाईल्याण्डको बैंक्कमा आयोजना भएको 'सहकारी दशकमा दिगो विकास तथा अग्रसरता' बिषयको गोष्ठिमा राष्ट्रिय सहकारी बैंकको तर्फबाट कर्मचारी बुद्धराम बल, संगम साकोस नुवाकोटका बिष्णु श्रेष्ठ र दिनेश कुमार श्रेष्ठ , शिखरदिप सहकारी भक्तपुरका  बिनस सैजु, बालकुमारी सहकारी भक्तपुरका सुदिप श्रेष्ठ सहभागी हुनु भयो। सेप्टेम्बर १७ देखि २० सम्म संचालन भएको उक्त समारोह सहकारी क्षेत्रमा युवा सहभागिता, सहकारीमा युवाको भविष्य लगायतका बिषय केन्द्रित रहेको थियो।

## विराटनगर र धरानको अन्तरक्रिया

ललितपुर/राष्ट्रिय सहकारी बैंक लि. शाखा कार्यालय विराटनगर र धरानको आयोजनामा 'राष्ट्रिय सहकारी बैंक र सहकारी संघहरुमा संस्थाको आवद्धता' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएका छन्। धरानमा जेठ २८ र विराटनगरमा २९ गते आयोजित कार्यक्रममा बैंकका अध्यक्ष रमेशप्रसाद पोखरेल र प्रवन्ध सञ्चालक के.बी. उप्रेतीले बैंकको समग्र अवस्थाका बारेमा जानकारी गराउनु भएको थियो । विराटनगरमा आयोजित कार्यक्रममा जिल्ला सहकारी संघ लि. मोरङ्गका अध्यक्ष डिल्ली पोखरेलले "किन बन्ने सहकारी बैक र संघहरुको सदस्य" विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो।

कविता

## भुकम्प र नाकावन्दी

*'मैले कविताको माध्यमबाट सहकारिता प्रकाशनको चरण देखि सहकारी विषयमा लिखित रुपमा सहकारी विषयलाई मात्र सम्वोधन गर्दै आएको थिएँ यो अंकमा सहकारीकर्मी, फरक जनताको आवाज र भावनाको प्रतिनिधित्वको रुपमा उपस्थित भएको छु।'*



- कुलचन्द्र अधिकारी
संयोजक, लेखासमिति
राष्ट्रिय सहकारी बैंक

*भूकम्पको प्राकृतिक प्रकोप नेपाली जनताको माझमा*
*छिमेकी राष्ट्र भारतको नाकाबन्दी नेपाली धरतीमा*
*विश्वव्यापी फैलियो मानवताप्रतिको चरम दुख र पीडामा*
*नेपाली जनताले धेरै दुख पाएको चाडपर्व र दैनिक अवस्थामा*
*तराई मधेश पहाड हिमाल सबै हामी नेपाली जनताको एकतामा*
*भारत संग हामी मिलिजुली गरौं इन्धन समस्याको कुराकानी समझदारीमा*

*भूकम्पको घाउलाई खाटा बस्न नपाउदै*
*नाकाबन्दी लगाएको दुखदायी अवस्थालाई सम्हाल्दै*
*नेपाली जनता आफ्नो पौरख गौरवका साथ अगाडी बढ्दै जाउँ*
*पीडा पोख्दै जाउ*
*चाडवाड सबै नाकाबन्दीको अवस्थामा दुख मनाउदै*
*तराई मधेश हामी सबैको नाकाबन्दी गर्न गराउन लगाईयो*

*आफ्नो भुमि छाडेर छिमेकीको भरमा, परेर आफ्नै मुखमा आफैले पोतो दलियो*
*आफ्नो घरपरिवारमा ढुंगा मुढा हानियो दुख धेरै पाइयो*
*कस्तो आन्दोलन घर जलाउने, आफ्नो भूमिमा आफैलाई कमजोर गराउने*
*छिमेकीको आडमा रमाउने र आक्रमण गर्ने गराउने*

*सबै हामी नेपाली एउटै आमाका सन्तान हौ*
*छिमेकीबाट पाएको सहयोग असल कामको लागि मात्र लिने हो*
*अरुको हतियार कहिल्यै नबनौ, आफ्नो खुट्टामा उभियौ*
*राष्ट्रको शिर निहुरिने गरि अरुको इशारामा नचलौ*
*नेपाली जनताको थाप्लोमा भूकम्प र नाकाबन्दी*
*कतिन्जेल यो रवैया चल्दै जान्छ नेपाली जनताको छिमेकीले गरेको सन्धि विरोधि गतिविधि*

# लघु कर्जा मार्फत उद्यमशील बन्दै ललितपुरका महिलाहरू

ललितपुर/झरुवाराशी गाविस-८ की भवानी खड्कालाई गाई पाल्ने चाहना धेरै पहिलादेखि थियो । गाई पाल्ने चाहना पुरा गर्नका लागि उनले धेरै ठाउँ चाहरिन् । गाई पालेर आम्दानी बढाउने उनको चाहना पुरा गर्नका लागि श्वेत वाराही वचत तथा ऋण सहकारी संस्थाले सहयोग गर्‍यो । संस्थाले राष्ट्रिय सहकारी बैंकबाट १० लाख लघु कर्जा लगेर समुहमार्फत महिलाहरुलाई लगानी गर्न थालेपछि भवानीको गाइ पाल्ने रहर पुरा भयो । भवानीलाई कर्जा लिनका लागि उनको समुहका अरु महिलाहरुले साथ दिए । उनले ४० हजार रुपैया लघु कर्जा लिएर एउटा गाई किनेकी छिन् । गाई व्याउने भएको छ । गाई व्याएपछि बजारमा दुध बेच्ने उनको धोको छ । अब छिट्टै मेरो धोको पुरा हुदैछ, उनले भनिन् । भवानीले एउटा गाईसँगै दुइवटा बाखा पनि पालेकी छिन् । तरकारी खेती समेत गर्दै आएकी भवानीले सहकारीले आफुहरुलाई विश्वास गरेर लगानी गरिदिएकाले आफु र आफु जस्तै महिला समुहका सदस्यहरुले आयआर्जन गर्न सफल भएको बताउछिन् । झरुवाराशी-८ कै सुमित्रा बिशुखेंले भने सहकारीबाट लिएको कर्जाले बंगुर पालन गरेकी छिन् । उनले एउटा बंगुरबाट वार्षिक डेढ लाख आम्दानी हुने गरेको बताइन् । वर्षमा ४ पटक छाउरा निकाल्ने एउटै बंगुरले वार्षिक डेढ लाख भन्दा बढी आम्दानी हुने गरेको उनको भनाइ छ । उनले पनि बंगुर संगै तरकारी खेती गरेकी छिन् । पानीको अभावका कारण राम्रोसंग तरकारी खेती गर्न नसकेको उनको गुनासो छ । सहकारीले लघु कर्जा दिएर आफुहरुलाई उद्यमी बन्न सहयोग गरेको उनको भनाइ छ ।


लघु कर्जा लिएर तरकारी खेती गरेकी चनी नगरकोटी

सोही स्थानकी चञ्चला नगरकोटीले १ हजार बोट काउली सहित तरकारी व्यवसाय गरेकी छिन् । दैनिक रुपमा लगनखेलमा लगेर तरकारी बेच्ने गरेकी नगरकोटीले वार्षिक १ लाख भन्दा बढी आम्दानी गर्ने गरेको जानकारी दिइन् । समुहमा आवद्ध भएर सहकारी मार्फत लिएको लघुकर्जाबाट महिलाहरुको आयआर्जनमा वृद्धि भएको उनको भनाइ छ । बुहारीले सहकारीबाट कर्जा लिएर गरेको उद्यमले घर खर्च संगै वचत गर्न समेत सहयोग पुगेको सासु चनी नगरकोटीले बताइन् ।

श्वेत वाराही वचत तथा ऋण सहकारी संस्था लिमिटेड बाडेगाउँ ललितपुरले राष्ट्रिय सहकारी बैंक लगनखेल शाखाबाट १० लाख रुपैया लघु कर्जा लिएर महिला समुहलाई लगानी गरेको छ । कर्जा मात्र होइन, सहकारी बैंकबाट लघुकर्जा सम्बन्धी प्रशिक्षण पाएपछि आफ्नो संस्थाको समेत रकम लघुकर्जाका रुपमा लगानी गर्ने गरेको अध्यक्ष सुरोज महर्जनले जानकारी दिए ।

संस्थाले १४ वटा केन्द्र र ३१ वटा समुह गठन गरी ५० लाख रुपैया लगानी गरेको छ । तरकारी खेती, बंगुरपालन, गाईपालन, बाखापालन, हस्तकला, झोला बुनाई लगायत व्यापार व्यवसाय गर्नका लागि संस्थाले लगानी गर्दै आएको संस्थाका कर्जा अधिकृत इश्वर सापकोटाले बताए ।

२०६६ सालमा स्थापना भएको संस्थामा करिब १ हजार सदस्य छन्, लघु कर्जा सहित करिब २ करोड लगानी गरेको संस्थाका सदस्यहरुले सानो तिनो व्यवसाय गरेर आम्दानी वृद्धि गरिरहेको अध्यक्ष महर्जनले जानकारी दिए । सहकारी बैंकबाट पहिलो चरणमा लगेको कर्जा संस्थाले भुक्तान गरि सकेको र पुनः माग गरेको राष्ट्रिय सहकारी बैंक लगनखेल शाखाका प्रमुख रमा घिमिरेले बताइन् । लघु कर्जा वास्तविक समुहमा लगानी गरेर विपन्न समुदायका महिलाहरुलाई आयआर्जन बढाउन सहयोग पुगेको शाखा प्रमुख घिमिरेको भनाइ छ ।


लघु कर्जा लिएर गाइपालन गरेकी भवानी खड्का


लघु कर्जा लिएर बंगुरपालन गरेकी सुमित्रा बिशुंखे

# सहकारी बैंकसंगको सहकार्यले बिर्सायो विदेश

**राष्ट्रिय सहकारी बैंक लिमिटेडले आफ्ना सदस्य सहकारी संघ संस्थाहरुलाई थोक कर्जा उपलब्ध गराउदै आएको छ । सहकारी संघ संस्थाहरुको प्रवर्द्धनका लागि स्थापित बैंकको सहयोग लिएर विभिन्न विषयका सहकारीहरुले आफ्ना सदस्यको आर्थिक विकास गरेका छन् । श्वेत वाराही बचत तथा ऋण सहकारी संस्था लिमिटेड ललितपुर मार्फत कर्जा लिएर आफुसंगै झोला बनाउने उद्योग सञ्चालन गरी अरुलाई समेत रोजगारी दिन सफल मुना कुँवर र घनश्याम कुँवरंग सहकारिता बुलेटिन प्रतिनिधिले गरेको कुराकानीमा आधारित आलेख)**

धन कमाउनका लागि विदेश नै जानु पर्छ भन्ने सोंचले १४ महिना सउदी अरवमा बसेका गोदामचौर गाविस-२ ललितपुरका घनश्याम कुँवरलाई सहकारीले विदेश बिर्साइदिएको छ । ८३ हजार खर्च गरेर विदेश गएका कुँवरले १४ महिनामा डेढ लाख मात्र कमाई गरेका थिए । त्यहाँ १८ घण्टासम्म काम गर्दा पनि धेरै कमाउन सकिएन । विदेशमा गएर गरेको काम स्वदेशमै गर्न सके यतै मनग्ने आम्दानी गर्न सकिन्छ भन्ने सोचेर घर फर्किएका घनश्यामले गाउँमै केही काम गर्ने सोच राखेर शुरुमा श्वेत बाराही वचत तथा ऋण सहकारी संस्था लिमिटेड स्थापना गरे ।

सहकारी त स्थापना भयो, तर के गर्ने भन्ने उनलाई अन्यौलता बढ्यो । श्रीमती मुना कुँवरले काठमाडौंको नयाँ बजारमा झोला बनाउने कम्पनीमा काम गर्थिन । मुना र घनश्यामले आफ्नै घरमा झोला उद्योग सञ्चालन गर्ने सोच बनाए । उद्योग सञ्चालनका लागि झण्डै ८ लाख रकम आवश्यक पर्ने भयो । एकै पटक ८ लाख रुपैया कहाँबाट ल्याउने, सहकारीको पनि एक जनालाई त्यति लगानी गर्ने अवस्था थिएन । सहकारी संस्था राष्ट्रिय सहकारी बैंकमा आवद्ध भएपछि बैंकले संस्थालाई कर्जा लगानी गर्छ भन्ने जानकारी भयो । त्यसपछि बैंकसंग समन्वय गरेर संस्थाले ४२ लाख रुपैया कर्जा लियो । संस्थाले घनश्यामलाई ७ लाख ५० हजार रुपैया कर्जा लगानी गरेपछि घनश्याम र मुनाको झोला बनाउने व्यवसाय शुरु भयो ।

चाइनाबाट ल्याएको सामानबाट झोला बनाएर उनीहरुले काठमाडौंको न्यूरोडका व्यापारीलाई झोला बेच्दै आएका छन् । कम्तीमा १ सय ५० देखि बढीमा ९ सय सम्ममा झोलाहरु विक्री गर्ने गरेका छन् । व्यापारीले १ हजार ५ सयसम्म विक्री गर्ने गरेको उनीहरुको भनाइ छ । कुँवर दम्पत्तीले वार्षिक ३ लाख भन्दा बढी आम्दानी गर्ने गरेका छन् । छोरी रुक्सनाले १२ कक्षा र छोरा रुजलले ५ कक्षामा बढ्छन, उनीहरुको पढाइदेखि घरखर्च सबै सञ्चालनमा असाध्यै सहजता आएको छ ।



**पौरखी हात र साथ** : झोल उद्योग सञ्चालन गरेका मुना र घनश्याम कुँवर

३ वर्षदेखि निरन्तर रुपमा झोला बनाउदै आएका कुँवर दम्पत्तीले आफुसंगै १५ जनाका लागि घरमै रोजगारी सिर्जना गरेका छन् । मासिक करिब १ लाख रुपैया तलव खर्च हुने गरेको छ । सउदी अरवमा १८ घण्टासम्म काम गर्नु परेको थियो, यहा परिवार संग बसेर १० घण्टा काम गर्दा विदेशको भन्दा बढी आम्दानी पनि हुने र आफ्नै गाउँ ठाउँमा रमाउदै काम गर्न पाएकोमा घनश्याम दंग छन् । वैदेशिक रोजगारीमा जानेहरुलाई यहाँ के मा लगानी गर्ने आइडिया नभएर हो, तरिका सिकाइदिने हो भने धेरैले स्वदेशमै केही गर्न सक्छन् । विदेश जानेहरुलाई स्वदेशमै केही गर्न सुझाव दिने गरेका घनश्यामले व्यवसायको छनौट गरेर काम गर्न सके स्वदेशमा सुखका साथ जिन्दगी बिताउन सकिने बताउछन् ।



कुँवर दम्पत्तीले झोला बनाउने उद्योग सञ्चालन गरेको उनीहरुको घर

सहकारी संस्था र राष्ट्रिय सहकारी बैंकका कारण घरमै रोजगारी सिर्जना गर्न सकेकोले दुवै संस्थाप्रति आभारी छौ । अझै यो व्यवसायलाई उद्योगका रुपमा सञ्चालन गर्नका लागि ५० लाख रकमको आवश्यकता छ । झोलाका लागि आवश्यक सामान पनि अरुबाट खरिद गर्ने र बनाएको झोला पनि अरुलाई नै थोक विक्री गर्नु पर्ने वाध्यता छ । चाइना गएर आफै सामान ल्याउने र सामान विक्रीका लागि पनि खुल्ला गर्न सक्ने हो भने अहिलेको भन्दा धेरै आम्दानी हुन्छ । हाम्रो आफ्नै जग्गा पनि छ, उद्योग सञ्चालनका लागि संस्था र बैंकलाई लगानीका लागि हामी अनुरोध गर्दछौ । सहकारीले गलत गरे, ठगी गरे भन्ने समाचार सुन्दा दुख लाग्छ, तर सहकारीले राम्रो गरेका छन्, विदेश जाने वाध्यतालाई अन्त्य गरिदिएका छन् । साच्चिकै सहकारीले गरेका यस्ता कार्यहरुलाई व्यापक बनाउन सके सहकारीका नराम्रा कुरालाई ओझेल पार्थे होला उनीहरुको भनाइ छ । सहकारी स्थापनादेखि अहिलेसम्म नै आफु, परिवार र संस्थाको हितमा निरन्तर खटिरहेका कुँवर दम्पत्ती अरुका लागि समेत प्रेरणा हुने श्वेत बाराही वचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष सुरोज महर्जनको भनाइ छ । संस्थाले कर्जा माग गरेर सदस्यहरु मार्फत यस्ता खाले उद्योग सञ्चालन गर्नका लागि बैंकले कर्जा उपलब्ध गराउने राष्ट्रिय सहकारी बैंक लगनखेल शाखाका प्रमुख रमा घिमिरेले बताइन ।